# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २० फरवरी २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- विधानसभा चुनाव अघिए निर्वाचन आयोगले पश्चिम बंगालमा ४८० कम्पनी केन्द्रीय बल तैनाथ गर्ने निर्णय गरेको छ। यस विषयलाई लिएर सोमबार मुख्य निर्वाचन अधिकारी, सीईओ-को कार्यालयमा उच्चस्तरीय विशेष बैठक बोलाइएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजी आकाशवाणीको ष्मन की बातष कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ।
- आज अन्तर्राष्टीय मातृभाषा दिवस हो। यस अवसरमा मुख्य मन्त्री ममता ब्यानर्जीले सबै भाषा शहीदहरू र भाषा कार्यकर्ताहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।
- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, जीटीए, प्रमुख कार्यपाल अनित थापाले आज खरसाङ सिँचाई महाशाखा र पश्चिम बंगाल राज्य ग्रामीण विकास एजेन्सी अन्तर्गत चार प्रमुख विकास परियोजनाहरूको शिलान्यास गर्नु भएको छ।
- मौसम विभागले राज्यमा तापक्रम क्रमिक रुपमा बढ्ने पूर्वानुमान गरेको छ।

**निर्वाचन आयोग बैठक**

पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै सोमबार मुख्य निर्वाचन अधिकारी, सीईओको कार्यालयमा उच्चस्तरीय विशेष बैठक बोलाइएको छ। यस आपतकालीन बैठकको उद्देश्य राज्यमा मतदाता सूचीको चलिरहेको विशेष गहन पुनारीक्षण, एसआईआर, प्रक्रियालाई ध्यानमा राख्दै विधानसभा चुनावको समयमा केन्द्रीय बल तैनाथ गरिने भएको विषयमा छलफल गर्नु हुनेछ। निर्वाचन आयोगका एक वरिष्ठ अधिकारीका अनुसार बैठकमा राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाल सहित सीईओ कार्यालयका सबै अधिकारीहरू उपस्थित हुनेछन्। विशेष पर्यवेक्षक एनके मिश्र, राज्य पुलिस के डीजी, कोलकाता पुलिस कमिश्नर, एडीजी कानून व्यवस्था, राज्य पुलिस नोडल अधिकारी तथा सीआईएसएफका नोडल अधिकारी उपस्थित हुनेछन्द्य मतदाता सूचीको प्रकाश गर्नु अघि चुनावी तयारीको बीचमा सुरक्षा व्यवस्थालाई सुदृढ पार्न यो बैठक बोलाइएको हो। पश्चिम बंगालमा एसआईआर प्रक्रिया अन्तर्गत संवेदनशील बुथहरूको पहिचान, जोखिम मूल्याङ्कन र केन्द्रीय बलको रणनीतिक तैनाथीको बारेमा विस्तृत समीक्षा गरिनेछ। सुत्रहरूले बताए अनुसार राज्यका संवेदनशील क्षेत्रहरूमा केन्द्रीय बलहरूको संख्या बढाउने र विधानसभा चुनावलाई ध्यानमा राख्दै तिनीहरूको गतिविधिहरूको समन्वय गर्ने कुरामा विशेष जोड दिइनेछ। एक अधिकारीले बताए अनुसार प्रक्रियाको क्रममा लाखौं मानिसहरू मतदाता सूचीबाट बहिष्कृत हुनेछन्। मतदाता सूची २८ फरवरीमा जारी गरिनेछ। यसअघि मुख्यमन्त्री ममता बनर्जी सहित धेरै तृणमूल कांग्रेस नेताहरूले राज्यभरी हिंसाको चेतावनी दिएका छन्। यो बैठक सुरक्षा कायम राख्न महत्त्वपूर्ण छ।

**पश्चिम बंगाल केन्द्रीय बल तैनाथ**

मतदाता सूचीको विशेष गहन पुनारीक्षण, एसआइआरको क्रममा पश्चिम बंगालका विभिन्न क्षेत्रमा अशान्ति र तोडफोडको घटना पछि केन्द्र सरकारले कानून व्यवस्थामा कुनै पनि जोखिम नलिन निर्णय गरेको छ। फलस्वरूप मतदानको मिति घोषणा हुनुभन्दा पहिले नै केन्द्रीय बल तैनाथ गर्ने निर्णय गरिएको छ। गृह मन्त्रालयले आज जारी गरेको निर्देशन अनुसार आगामी मार्च महिनामा पश्चिम बंगालमा केन्द्रीय बलका कुल ४८० कम्पनी तैनाथ गरिनेछ। यो दुई चरणमा हुनेछ। पहिलो चरणमा २४० कम्पनी १ मार्चमा आइपुग्नेछ। यस पछि अर्को २४० कम्पनी १० मार्चमा आइपुग्नेछ।

*यो उल्लेखनीय छ कि हिजो एसआइआरसँग सम्बन्धित मुद्दामा सर्वोच्च न्यायालयले स्पष्ट रूपमा अन्तिम मतदाता सूची २८ फरवरी सम्म प्रकाशित गर्न निर्देशन दिएको थियो। यदि कुनै कारणले पूर्ण सूची तयार गर्न सकिएन भने पूरक सूची पनि प्रकाशित गर्न सकिन्छ। यस आदेशको २४ घण्टा पछि केन्द्रीय बल तैनाथ गर्ने घोषणालाई राजनीतिक विश्लेषकहरूले महत्त्वपूर्ण मानिरहेका छन्। सुत्र अनुसार निर्वाचन आयोगले संवेदनशील क्षेत्रहरूको निगरानी गर्नए जनताको डर कम गर्न र शान्ति र व्यवस्था कायम राख्न यी बलहरू प्रयोग गर्नेछ। राज्यमा एसआइआर प्रक्रिया सुरु भएदेखि नै धेरै स्थानहरूमा तनावको रिपोर्ट गरिएको छ। मतदाता सूची पर्यवेक्षक र बुथ स्तर अधिकारीहरूले विरोधको सामना गर्नु परेको छ। यी घटनाहरूलाई ध्यानमा राख्दै सर्वोच्च न्यायालयले सुनुवाइको क्रममाए राज्यको कानून र व्यवस्थाको बारेमा पुलिस महानिदेशकलाई कडा टिप्पणी गरेको थियो र नियमहरू पालना नगरेमा जिम्मेवार अधिकारीहरूले परिणाम भोग्नुपर्ने स्पष्ट पारेको थियो। यस परिदृश्यमा केन्द्रीय बललाई तैनाथ गर्ने निर्णय आगामी चुनाव प्रक्रिया अगाडिको एक महत्त्वपूर्ण कदम मानिएको छ।*

## कूचबिहार जिला पुलिस फेरबदल

पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनाव अघि कूचबिहार जिला पुलिस बलमा ठूलो फेरबदल गरिएको छ।

*जिल्लाका पाँच प्रमुख पुलिस थानाका प्रभारी सहित ४६ पुलिस अधिकारीहरूको सरुवा गरिएको छ। जिल्ला पुलिस अधीक्षक सन्दीप कर्राले निर्वाचन आयोगको गाइडलाइन र नियमहरु अनुसार यी नियमित सरुवा गरिएको बताउनु भयो। पुलिस सुत्र अनुसारए साहेबगञ्ज पुलिस थानाका प्रभारी अजित कुमार साहालाई बक्सिरहाटमा सरुवा गरिएको छ। उहाँको ठाउँमा नकुल रायले साहेबगञ्जको प्रभारी लिइनेछ। घोकसडंगा पुलिस थानाका प्रभारी विश्वजित मल्लिकलाई कुचलिबारी पुलिस थानाका प्रभारी बनाइएको छ भने कुचलिबारीका प्रभारी अशरफ आलमलाई घोकसडंगामा सरुवा गरिएको छ। दिनहाटा महिला पुलिस थाना प्रभारी सुनीती सुब्बालाई हल्दीबारी पुलिस थानामा सरुवा गरिएको छ भने माथाभांगाकी रोहिता लामालाई पनि सरुवा गरिएको छ। अजय रायले निशिगञ्ज थानाको जिम्मेवारी सम्हाल्नेछन्। यसबाहेक कोतवाली पुलिस थानाका चित्त पाललाई जिल्ला नियन्त्रण कक्षकोको जिम्मेवारी दिइएको छ।*

## प्रधानमन्त्री मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजी आकाशवाणीको मन की बात कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३१ औं संस्करण हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूजअनएयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो एआईआर न्यूज़, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारण पछि आकाशवाणीले क्षेत्रीय भाषाहरूमा पनि कार्यक्रम प्रसारण गर्नेछ।

## मुख्यमन्त्री सन्देश

आज अन्तर्राष्टीय मातृभाषा दिवस हो। यस अवसरमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज ए सोशियल मीडिया पोस्टमा एक सन्देश साझा गर्नुभयो। उहाले विश्वभरिकै सबै भाषाहरूको मानिसहरूलई सम्मान अर्पित गर्नुहुदै सबै भाषा शहिदहरू अनि भाषा आन्दोलनकारीहरूलाई श्रद्धांजलि दिनुभयो। ब्यानर्जीले आफनो सन्देशमा भन्नुभयो, उहाँ केवल रवीन्द्रनाथ, नजरूल, सुकान्त अनि जीवनानन्दको बंगला भाषामाथि मात्र होइन तर विश्वको प्रत्येक भाषालाई समानरूपमा सम्मान गर्नुहुदछ। उहाले यसलाई गर्वको बताउनु हुदै भन्नुभयो, उहाको कार्यकालमा नेपाली, हिन्दी, संस्थाली, कुरूख, कुड़माली, उर्दू, राजबंशी, कामतापुरी, पंजाबी अनि तेलुगु जस्ता भाषाहरूलाई सरकारी मान्यता दिनुभयो। साथै सादरी भाषाको विकासको निम्ति पनि प्रयास गरेको उल्लेख उहाले गर्नुभयो।

## प्रधानमन्त्री ब्राजिल राष्ट्रपति बैठक

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीस्थित हैदराबाद हाउसमा ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भासँग व्यापक वार्ता गर्नुभएको छ। विदेश मन्त्रालयले बताएअनुसार छलफल व्यापार, ऊर्जा, रक्षा, कृषि, जलवायु परिवर्तन, प्रविधि, आर्टिफिशियल इंटेलिजेंस, सेमीकंडक्टर, महत्वपूर्ण खनिज र ग्लोबल साउथ सहयोग लगायत विभिन्न क्षेत्रहरूमा भारत.ब्राजिल रणनीतिक साझेदारीलाई सुदृढ पार्न केन्द्रित थियो। दुई नेताहरूले समावेशी र बहुध्रुवीय विश्व व्यवस्थाको आफ्नो दृष्टिकोण दोहोऱ्याउनु भयो। दुई नेताहरूले संयुक्त राष्ट्र संघ विशेष गरी संयुक्त राष्ट्र सुरक्षा परिषद्को तत्काल सुधारको लागि आह्वान गर्नु भयो। दुवै नेताहरूले आतंकवाद विरुद्धको विश्वव्यापी लडाईलाई सुदृढ पार्न आफ्नो

दृढ प्रतिबद्धता व्यक्त गर्नु भयो। महत्वपूर्ण खनिज, डिजिटल सहयोग, परम्परागत ज्ञानको आदान प्रदान, स्वास्थ्य, एमएसएमई, उद्यमशीलता र आम सञ्चार जस्ता क्षेत्रहरूमा कुल दस सम्झौताहरूलाई अन्तिम रूप दिइएको छ। दुई नेताहरूले आगामी पाँच वर्षमा द्विपक्षीय व्यापारलाई २० अर्ब डलरभन्दा बढी पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो संयुक्त वक्तव्यमा राष्ट्रपति लुलाको नेतृत्वमा भारत ब्राजिल सम्बन्ध बलियो भएको उल्लेख गर्नु भयो। श्री मोदीले ब्राजिल ल्याटिन अमेरिकामा भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएको र आगामी पाँच वर्षमा द्विपक्षीय व्यापार २० अर्ब डलरभन्दा बढी हुने बताउनु भयो।

## अनित थापा

ग्रामीण पूर्वाधारमा प्रगतिका लागि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, जीटीए, प्रमुख कार्यपाल अनित थापाले आज खरसाङ सिँचाई महाशाखा र पश्चिम बंगाल राज्य ग्रामीण विकास एजेन्सी अन्तर्गत चार प्रमुख विकास परियोजनाहरूको शिलान्यास गर्नु भएको छ। यस शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै श्री थापाले भन्नु भयो, पञ्चायत प्रधानको काम कार्यालयमा मात्र बस्ने होइन यी सबै काम हेर्नु पनि हो। चुनावी अपील गर्नु हुँदै श्री थापाले भन्नु भयो बाटो, पानी, बीमारी अनि आधारभूत आवश्यकता चाहिए विकासको निम्ति पैसा ल्याउने अनित थापा तर चुनाउमा अनित थापालाई झुक्याउने। उहाँले पानी आउने स्रोतमा नै ताला लगाउनु भयो भने पानी कसरी आउँछ भनी प्रश्न गर्नु भयो। आज शिलान्यास गरिएको परियोजनाहरू खरसाङ खण्ड अन्तर्गत सिरिसे, पान्डु र अम्बोटियामा अवस्थित छन्। यस क्रममा सिरिसेमा स्वनिर्भर दलहरुका लागि सामुदायिक हल निर्माण हुने भएको छ जसको लागत ५३ लाख ५८ हजार रुपियाँ रहेको छ। त्यसरी नै कुमाल्टारमा सामुदायिक हल निर्माण हुने जसको लागत खर्च ६१ लाख ३९ हजार रुपियाँ रहेको छ। यसै क्रममा पोस्ट अफिसदेखि अम्बटेको शिव मन्दिरसम्म सडक निर्माण गरिने भएको छ जसको लागत खर्च २ करोड ३७ लाख ५० हजार रहेको छ। यस्तै प्रकारले अपर सिरिसेमा भान्सा घर र शौचालय सहितको सामुदायिक भवन निर्माण गरिने भएको छ जसको लागत खर्च ३२ लाख २६ हजार रुपियाँ रहेको छ। यी कार्यक्रमहरूमा विभागीय अधिकारीहरूको उपस्थिति थियो जसमा खरसाङ सिँचाई विभागका कार्यकारी इन्जिनियर चन्दन प्रधान, दार्जीलिङका कार्यकारी इन्जिनियर पूर्णिमा क्षेत्री र पङ्खाबारी अम्बटे लङ्गभ्यू समष्टिकी सभासद एंव जीटीएको महिला तथा बाल कल्याण विभागको कार्यकारी सभासद कल्पना प्रधानको उपस्थिति रहेका थियो।

## रङबुल युवा साथी

रङबुलमा राज्य सरकारको युवा साथी प्रकल्प अन्तर्गत फर्म भर्ने कार्य सम्पन्न भएको छ। यस कार्यक्रम डेपुटी चियरमेन एवं सभासद राजेश चौहानको पहलमा रङबुल उच्चत्तर माध्यमिक विद्यालय भवनमा आयोजना गरिएको थियो। कार्यक्रम रङबुल तथा धोतरिया ग्राम पञ्चायत क्षेत्रका युवा-युवतीहरूलाई लक्षित गरी सञ्चालन गरिएको हो। कार्यक्रममा ठूलो सङ्ख्यामा स्थानीय युवाहरूको सहभागिता रहेको थियो। सम्बन्धित अधिकारीहरूले फर्म भर्ने प्रक्रिया, आवश्यक कागजात तथा प्रकल्प सम्बन्धी अन्य जानकारी प्रदान गर्नुका साथै उपस्थित युवाहरूलाई प्रत्यक्ष सहयोग समेत उपलब्ध गराउनु भएको थियो। आयोजक पक्षले युवा साथी प्रकल्पमार्फत क्षेत्रका बेरोजगार तथा स्वरोजगार उन्मुख युवाहरूलाई महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ। फर्म भर्न आएका युवादृयुवतीहरूले डेपुटी चियरमेन एवं सभासद राजेश चौहान, बिडिओ सुखेपोखरी, जिल्ला प्रशासन तथा स्थानीय ग्राम पञ्चायतहरूप्रति कृतज्ञता प्रकट गरेका छन्। यसअघि फर्म भर्नका लागि जोरबगलो सुखेपोखरी खण्ड कार्यालय पुग्नुपर्ने व्यवस्था रहेकोमा स्थानीयको समस्या बुझ्दै डेपुटी चियरमेन राजेश चौहानको पहलमा स्थानीय तहमै शिविर आयोजना गरिएको बताइएको छ।

## शेर्पा बुद्धिस्ट असोसीएसन

शेर्पा बुद्धिस्ट असोसीएसन अफ इंडियाको प्रतिनिधिमण्डलले आज मे फो ता ल्हो ग्याल्पो लोसरको शुभ अवसरमा सिक्किम विधान सभाका अध्यक्ष श्री मिंग्मा नोर्बु शेर्पा ज्युलाई हार्दिक शुभकामना अर्पण गऱ्यो। संघका अध्यक्ष दोर्जी शेर्पा पिनासाको नेतृत्वमा गएको टोलीले उहाँको उत्तम स्वास्थ्यए दीर्घायुए निरन्तर ऊर्जा तथा आगामी

वर्षमा अझ ठूलो सफलताको कामना गऱ्यो। साथै उहाँको सम्पूर्ण परिवारमा सधैं सुख, शान्ति, समृद्धि र कुशलताको आशीर्वाद रहोस् भनी प्रार्थना गरियो। उहाँ सम्पूर्ण सिक्किमेली शेर्पा समुदायका अभिभावक हुनुहुन्छ भन्ने भावना व्यक्त गर्दै प्रतिनिधिमण्डलले उहाँको नेतृत्व, मार्गदर्शन तथा जनकल्याणप्रति देखाइएको अटल समर्पणप्रति गहिरो कृतज्ञता प्रकट गऱ्यो। यस अवसरमा शेर्पा परम्परा अनुसार स्योर्के विधि सम्पन्न गरी पवित्र छाड्खु अर्पण गरियो जसद्वारा उहाँको निरन्तर सफलता र शक्ति प्राप्तिको कामना गरियो। साथै हिमालका देवी-देवताहरूसँग विशेष प्रार्थना गर्दै उहाँलाई ज्ञानए साहस र आध्यात्मिक शक्ति प्रदान होस् र सिक्किमका जनताको सेवामा समर्पित भई अघि बढिरहनुहोस् भनी आशीर्वाद मागियो। यस मे फो ता ल्हो वर्षले सम्पूर्ण समाजमा ऐक्यबद्धता, सद्भाव, करुणा र सकारात्मक ऊर्जाको विस्तार गरोस् भन्ने मंगलकामना व्यक्त गरिएको छ।

## लङ्भ्यू चियाबारी

खरसाङ खण्डको लङ्भ्यू चियाबारी श्रमिकहरूको समस्या विषय अब चाँढै राज्यको श्रम मन्त्रीको मध्यस्थतामा त्रिपक्षीय बैठक हुने भएको छ। गत १६ फरवरीमा जीटीए प्रमुख कार्यपाल अनित थापाको प्रयासमा लङ्भ्यूका संयुक्त ट्रेड युनियनका प्रतिनिधिहरूले राज्यका श्रम मन्त्री मलय घटकसँग भेट गरेर विगत धैरै वर्षदेखि यहाँका श्रमिकहरूले भोग्न परिरहेको समस्याबारे अवगत गराउँदै शीघ्र समाधानको निम्ति पहल गरिदिने आग्रह गरेकै फलस्वरूप श्रम मन्त्रीले आगामी चाँडै बगानका मालिक गोबिन गर्गलाई बोलाएर त्रिपक्षीय बैठक गराउने आश्वासन दिएको एक प्रेस भेलामार्फत प्रतिनिधि टोलीका हमिङ तामाङ अनि सचिन थापाले दिनु भएको छ।

## पश्चिम बंगाल मौसम

राज्यमा वर्तमानमा मौसमले आफनो दुइ अलग–अलग रूप देखाइरहेको छ। बिहानको तापमान २० डिग्री सेल्सियसदेखि कम दर्ता गरिन्दैछ भने रात्रि समयमा पारा ३० डिग्री सेल्सियससम्म पुगिरहेको छ। यस उतार चढ़ावबाट आम जनतको दिनचर्या प्रभावित भइरहेको छ। मौसम विभाग अनुसार मार्चदेखि तापमानमा अझ बढ़ोत्तरी हुने आशंक रहेको छ। अर्कोतर्फ बंगालको खाड़ीमा बनेको निम्त दबावको प्रभावबाट २३ अनि २४ फरवरीको दिन पूर्व मेदिनीपुरको ओडिशा सीमावर्ती क्षेत्रहरू अनि झारग्रामको केही भागहरूमा हल्का वर्षा हुने सम्भावना मौसम विभागले जनाएको छ।

**********